# केवल विश्वासद्वारामात्र मुक्तिः रोमीहरूको पुस्तक
## (*Salvation by Faith Alone: The Book of Romans*)

(मिशन समाचार सहित)

लेखकः
एबिएसजी कर्मचारी समूह

भावानुवादकः
भजुराम तखाछेँ श्रेष्ठ

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च

ई.सन् २०१७ (बि.सं. २०७४)

ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**
**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टाइन**

प्रथम संस्करण : २०७४ (ई.सं. २०१७)

भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२
**bhajupurna@gmail.com**
(आन्तरीक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतीले उदृध गरिएका छन्। उक्त संस्थाको अनुमतीले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उदृध गरिएका छन्।

# भूमिका

## हामी यहीँ उभिन्छौँ: रोमीको पुस्तकमा मार्टिन लुथरको प्रतिवद्धता

पाँचसय वर्ष अघि अक्टोबर महिनामा धर्मशास्त्रको प्रोफेसर ३३ वर्षको मार्टिन लुथरले रोमको एक मुख्य चर्चको मूल ढोकामा एउटा सूची टाँसेका थिए। त्यस सूचीमा अध्ययनद्वारा आफूले निष्कर्ष निकालेका ९५वटा बुँदाहरू थिए। त्यसमा धर्मको नाउँमा पोपले कसैलाई शोषण गर्नुहुन्न वा किनबेच गर्नुहुन्न किनभने मुक्ति भनेको केवल विश्वासद्वारामात्र उपलब्ध हुन्छ भन्ने खालका विभिन्न बुँदाहरू सबैले देख्ने गरेर रोमन क्याथोलिक चर्चको भिक्षु मार्टिन लुथरले टाँसेका थिए। त्यसबेला रोमन क्याथोलिक चर्चको धर्मगुरू पोपको नाउँमा चर्चको अगुवाहरूले एक इजाजत पत्र वा प्रमाणपत्र बेचिरहेका थिए। यदि कसैले पाप गऱ्यो भने त्यो प्रमाणपत्र किनेमा दोषमुक्त भइन्छ भन्ने विवरण थियो। त्यस बेला इसाई धर्मको नाउँमा मानिसहरूलाई शोषण गरिरहेका थिए। खास गरेर मार्टिन लुथरले त्यसको प्रतिवाद गर्न वा पैसा तिरेर पापबाट चोखोबन्न सकिन्छ भन्ने पोपको घोषणाप्रति असहमति मात्र जनाउन सर्बसाधारणको ध्यान आकर्षण गर्न चाहेका थिए। तर लुथरको त्यो सुरो कामले युरोपमा अधिकार जमाइरहेको रोमन क्याथोलिक चर्चको विद्रोह तत्कालिन युरोप अर्थात् पश्चिमा मुलुकभरि आगो जस्तै फैलियो। त्यसबाट प्रोटेस्टेन्ट रिफोर्मेशन अर्थात् इसाई सुधारवादीको जन्म भयो। त्यसले गर्दा बाइबलको ज्ञानमा विश्वमै आमूल परिवर्तन भएको थियो अर्थात् धर्म र राजनीति मिलेर पोपले शासन चलाइरहेको पाँचसय वर्ष अघिको संसार पहिलेको जस्तो कहिल्यै पनि भएन।

इसाई क्षेत्रमा भएको त्यो आमूल परिवर्तनको तिथी सन् १५१७ थियो। हुन त त्यसबेलादेखि संसारमा धेरै परिवर्तनहरू आए। तर बाइबलमा भएको परमेश्वरको वचन परिवर्तन भएको छैन। परमेश्वरको वचनमा आधारित रोमन क्याथोलिक चर्चलाई चुनौति दिने मार्टिन लुथर धार्मिकज्ञानको जग पनि यथावतै छ। उनको त्यो सुरो कदमले येशूलाई विश्वास गर्ने करोडौं मानिसहरूलाई पोपको हातबाट स्वतन्त्र पारेर मुक्ति भनेको पैसाले किनेर वा कुनै धर्मगुरूलाई खुशी पारेर होइन तर विश्वासबाटमात्र उपलब्ध हुन्छ भन्ने महान् आत्मज्ञानको सन्देशबाट जगाइदिएका थिए।

परमेश्वरको वचन अनुसार विश्वासद्वारामात्र मुक्ति पाइन्छ भन्ने जगको आधारमा रोमीहरूको पुस्तक लेखिएको हो। रोमीको पुस्तकको बारेमा व्याख्या गर्दै मार्टिन लुथरले यो लेखेका थिए: “सारा नयाँ करारका पुस्तकहरूमा

रोमीहरूलाई लेखिएको पुस्तक साँच्चिक्कै भनौं भने मुख्य भाग भन्न सकिन्छ। यो एकदम शुद्ध सुसमाचारको पुस्तक हो। इसाई हुँ भनेर दावी गर्ने प्रत्येक इसाईले यस पुस्तकको प्रत्येक झुटालाई हृदयमामात्र राख्ने नभएर त्यसमा प्रत्येक दिन तल्लिन हुनु वा डुब्नु आवश्यक छ। त्यतिमात्र नभएर यसलाई आफ्नो आत्माको निम्ति दैनिक भोजन जस्तै प्रयोग गर्नुपर्छ।"-कमेन्टरी अन रोमनस्, जे. थियोडोर म्युलरबाट अनुवादित (ग्राण्ड रापिड, मिशिगनः क्रेगल पब्लिकेशनस्, १९७६), पृ. ८बाट रूपान्तरित।

हो, मानिस कुनै धर्मकर्म वा आफ्नो असली आचरणबाट होइन तर "विश्वासद्वारामात्र परमेश्वरको सामु निर्दोष ठहरिन्छ" भन्ने महान् सत्य आत्मज्ञानको ज्योति लुथरले रोमीको पुस्तकबाटै पाएका थिए। मुक्तिको निम्ति संघर्ष गरिरहेको त्यस व्यक्तिले विश्वासद्वारामात्र धर्मी वा निर्दोष ठहरिन्छ भन्ने महान् आत्मज्ञान रोमीको पुस्तकमा वा नयाँ करारमामात्र होइन सारा बाइबलमै उनले भेट्टाउन पुगेका थिए। "संसार सुरू हुनुभन्दा वा समयको सुरू हुनुभन्दा अघि येशू ख्रीष्टमा मुक्तिको योजना बनाइएको" सत्य ज्ञानको आधार बाइबल हो भन्ने पावलको निष्कर्षथियो। येशू ख्रीष्टको धार्मिकतामामात्रै मानिसहरूले मुक्ति पाउँछन् भन्ने सत्य शिक्षालाई सबैले आत्मसात् गर्नु जरुरी छ। त्यो धार्मिकताको श्रेय हामीलाई हामीहरूको विश्वासद्वारामात्र मिल्छ। परम्परा वा व्यवस्थाको रितिथितिलाई पालन गरेर हामी कहिल्यै पनि परमेश्वरको सामु निर्दोष वा धर्मी ठहरिँदैनौं। पावलले त्यो जिकिर रोमीको पुस्तकमा यसरी स्पष्टरूपमा व्यक्त गर्दछन्: "त्यसकारण व्यवस्था वा धार्मिक नीतिनियम पालन गरेर होइन तर विश्वासद्वारामात्र हामी धर्मी वा निर्दोष ठहरिन्छौं भन्ने हामी निष्कर्ष निकाल्छौं" (रोमी ३:२८ रूपान्तरित)।

त्यही सत्यको निम्ति उभिएर लुथरले सन् १५२१मा जर्मनको संसद वर्ममा उभिएर तत्कालिन सारा संसारको शक्ति र राज्यहरू आफ्नो हातमा लिएका रोमन क्याथोलिक चर्चको धर्मगुरू पोपको सामु निडर भएर यसरी घोषणा गरेका थिए: "मैले जाहेर गरेको प्रतिवद्धताबाट म हट्न सक्दिन न त हट्ने नै छु। किनभने कुनै पनि येशूको सत्य विश्वासी वा इसाईले आफ्नो विवेकको विरुद्धमा बोल्नु असुरक्षित हुन्छ...त्यसकारण म विश्वासद्वारामात्र धर्मी ठहरिन्छ भन्ने धारणामा मात्र उभिन्छु, त्यसबाट म एक कदम पनि यताउती हट्न सक्दिनँ।"- जे.एच. मर्ल डोबिग्ने डी. डी., हिस्टोरी अभ रिफार्मेशन, एच

ह्वाइटबाट अनुवादित (न्यु योर्कः अमेरिकन ट्राक्ट सोसाइटी, १८४४) पृ. २४९बाट रूपान्तरित।

हो, आज पनि विश्वका करोडौं सुधारवादी वा प्रोटेस्टेन्ट इसाई विश्वासीहरू परमेश्वरकै वचनमा उभिनु बाहेक अरू कुनैमा उभिन वाध्य नभएर खडा भइरहेका छन्। रोमन क्याथोलिक चर्चको वा विभिन्न धार्मिक रुढिवादी, परम्परा, रीतिथिति चलनको विरुद्धमा बाइबलमामात्रै विश्वास गर्ने येशूभक्तहरू सारा संसारको सामु चुनौतिको रूपमा चम्करहेका हुन्छन्।

पाँचसय वर्ष अघिको लुथरको समय पछि इसाई धार्मिक आस्था धेरै अगाडि बढिरहेकोमा कसैको असहमति छैन। शताब्दियौंदेखि अनेकन् अन्धविश्वास, झुटो शिक्षादीक्षा र इसाई हुँ भनेर देखाउने धार्मिक अगुवाहरूले बाइबलको सुसमाचारको आत्मज्ञानलाई भ्रष्टमात्र होइन उल्टाइ नै दिएका थिए। लुथर जस्ता अग्रज इसाई सुधारवादीहरूले संस्कारको नाउँमा धार्मिक बोझबाट मानिसहरूलाई स्वतन्त्र बनाइनु इसाई प्रगतिशीलबादको देन हो।

यद्यपि दुर्भाग्यवस, धेरै समय वितेर जाँदा लुथरले सल्काएको सुधारवादी आन्दोलन वा आत्मिक जागरणमा चिसोपना आइरहेको पाइएको छ। कतिपय चर्चहरूमा वा चर्चको शिक्षादीक्षाहरूमा बाइबलको प्रगतिशील धारणाहरूलाई चिसो औपचारिक धार्मिक प्रक्रियाले अड्डा जमाइरहेका छन् भने कतिपय मानिसहरू पोपलाई माने सजिलो हुन्छ भनेर रोमन क्याथोलिक चर्चतिर फर्केर गएका छन्। अहिले बहुधार्मिकवादको युग छ र सबै इसाई विश्वास एकै हुन् भनेर इक्युनिमिजम वा सबै विभिन्न इसाई शिक्षालाई एकै थलोमा ल्याउने आन्दोलन भइरहेको छ। त्यसले गर्दा सबै आस्थाहरूभन्दा अलग बाइबलका धेरै विशेष सत्य ज्ञानहरूलाई ओझेलमा पारिएको छ। बर्तमान समयमा मानिसहरूलाई मनबहलाउन वा मख्ख पार्ने र अनेकौं धार्मिक क्रियाकलापले लुथरले गर्दा अलगिएको बाइबलका मौलिक सिद्धान्तहरूलाई पन्छाउने निर्णयमा विश्वको इसाई समूदायले अग्रज भूमिका खेलिरहेको पाइन्छ। बाइबल र बाइबलबाहेक अरू कुनै मानिसलाई मुक्तिदिने सत्य आत्मज्ञान छैन भनेर उभिएका हामीहरूका सुधारवादी वा प्रोटेस्टेन्ट अग्रजहरूको पङ्क्तिमा ज्यानको बाजी लगाएर भएपनि सत्य येशूभक्त विश्वासीहरू उभिनु अत्यन्त जरुरी भएको छ। दानिएल भविष्यवक्ताको दानिएल ७:२३-२५, ८:९-१२, र प्रकाश १३,१४का भविष्यवाणीहरू र विश्वासद्वारामात्रै मुक्ति पाइन्छ भन्ने रोमीको

पुस्तकमा देखाइएको महान् सन्देशलाई कुनै पनि बाइबलीय येशूभक्तले दवाएर राख्नु उचित ठान्नुहुन्न।

हामी सेभेन्थ-डे एडभेन्टिस्ट येशूका अनुयायीहरू हौं र बाइबल र बाइलमात्र अर्थात् सोला स्किपचरा (*sola scriptura)*को आत्मिक ज्ञानमा हामीहरूको आस्थाको स्थापना भएको छ। त्यसकारण कुनै पनि चर्तिकलाले इसाईहरूलाई सुधारवादीको आन्दोलनभन्दा पहिलेको अवस्थामा अर्थात् पाश्चत्य रोमको धार्मिक परम्परा वा रोमन क्याथोलिक चर्चको नेतृत्वमा फर्काउने प्रयासको घोरविरोध गर्दछौं। त्यसको उल्टो दिशामा बाइबलले देखाएको “यसपछि आकाशबाट यसो भन्ने अर्को एउटा स्वर मैले सुनें, "हे मेरा मानिसहरू हो! त्यसदेखि अलग होओ। त्यसको पापमा सहभागी नहोओ। त्यसको सजाय तिमीहरूमाथि नपरोस्" (प्रकाश १८:४) र “यसपछि मैले आकाशमा उडिरहेको अर्को एक स्वर्गदूत देखें। सबै जाति, कुल, भाषा र देशका मानिसहरूलाई सुनाउन तिनी सुसमाचार लिएर आउँदै थिए।" (प्रकाश १४:६)तिर सारा संसारलाई लैजाऔं जसले पाँचसय वर्ष अघि मार्टिन लुथरलाई अन्तरआत्माको विवेकलाई जगाइदिएको थियो।

# विषयसूची


| अध्याय | पृष्ठ |
|---|---|
| १. प्रेरित पावल रोममा | १ |
| २. परमेश्वर र शैतानको बीचमा महान् अन्तरद्वन्द्व | १९ |
| ३. मानिस जातिको अवस्था | ३४ |
| ४. परमेश्वरमा विश्वास गर्दामात्र निर्दोष ठहरिने | ४९ |
| ५. अब्रहामको विश्वास | ६१ |
| ६. आदम र येशू | ७४ |
| ७. पापमाथि विजय पाउनु | ८७ |
| ८. रोमी ७मा उल्लेख गरिएको मानिस को हो? | १०२ |
| ९. कसैले दोषी जीवन बिताउनु पर्दैन | ११६ |
| १०. प्रतिज्ञाका सन्तान | १३० |
| ११. परमेश्वरले चुन्नुभएको व्यक्ति | १४३ |
| १२. दुष्टलाई असलद्वारा जित्नु | १५७ |
| १३. येशूभक्तको आदर्श जीवन | १७१ |

# अस्थाई पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन अध्ययन पुस १४, २०७४ ( डिसेम्बर २९, २०१७) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असोज १४-२० (सेप्टेम्बर ३०-अक्टोबर६) |
| २ | अध्याय २ | असोज २१-२७ (७-१३) |
| ३ | अध्याय ३ | असोज २८–कार्तिक ३(१४–२०) |
| ४ | अध्याय ४ | कार्तिक ४–१० (२१-२७) |
| ५ | अध्याय ५ | कार्तिक ११-१७ (अक्टोबर २८- ३) |
| ६ | अध्याय ६ | कार्तिक १८-२४ (४-१०) |
| ७ | अध्याय ७ | कार्तिक २५–मङ्सिर १ (११–१७) |
| ८ | अध्याय ८ | मंसिर २-८ (१८-२४) |
| ९ | अध्याय ९ | मंसिर ९-१५ (नोभेम्बर२५-डिसेम्बर १) |
| १० | अध्याय १० | मंसिर १६-२२ (२-८) |
| ११ | अध्याय ११ | मंसिर २३-२९ (डिसेम्बर ९-१५) |
| १२ | अध्याय १२ | पुस १-७ (डिसेम्बर १६-२२) |
| १३ | अध्याय १३ | पुस ८-१४ (डिसेम्बर २३-२९) |